# बिद्यालय खुल्लाको बारे जानकारी पत्र

बिद्यालय बन्द, स्थान परिवर्तन र समन्वयका कारणले असर भएका आमा बुवा र विद्यार्थीहरुका लागि बिद्यालयको पहिलो दिनकोलागि जानकारी प्रदान गर्न यो पत्र बनाइको हो।









## बर्ट्रम (Bartram) उच्च माद्यामिक बिद्यालयले विद्यार्थीहरुको लागि सि टि इ (CTE) कार्यक्रमको बिकल्प विस्तृत गरेको छ

फिलाडेल्फिया बिद्यालय जिल्लाले जुन महिनामा बर्ट्रम उच्च माद्यामिक बिद्यालयका विद्यार्थीहरुको लागि व्येवसाइ र प्रौध्योगिक शिक्षा (Career and Technical Education) (सी टी इ) (CTE)कार्यक्रम सुधारेको र विस्तृत गरेको थियो। पुर्व रुपमा संचार र प्रौध्योगिक उच्च माद्यामिक बिद्यालयमा (Communications Technology High School) प्रदान गरिएको सि टि इ (CTE) कार्यक्रमलाई समायोजित गर्न बिद्यालय जिल्लाले १२ वटा कक्षा कोठा सुधार गरेको छ।



बिद्यालयको सुधार गर्दा बिद्धुत सामाग्रीको सुधार, नयाँ रङ र नयाँ सामाग्रीको प्रयोग पनि सम्मिलित हुन्छ। केन्द्रित शिक्षा समुदायको स्थापना गर्न सि टि इ (CTE) कार्यक्रमहरुको लागि कक्षा, बिद्यालय भित्रको छुटै भागमा हुनेछ।

बर्ट्रममा स्वास्थ्य सम्बन्धी प्रौध्योगिक कार्यक्रम (Health Related Technology) (HRT) र जानकारी प्रौध्योगिक कार्यक्रमको (Information Technology) साथ-साथै विद्यार्थीहरुलाई यि कार्यक्रम पनि प्रदान गरिन्छ:

**बाणिजियिक र बिज्ञापन कला** (Commercial and Advertising Art)- चित्र कोरेर (illustrations) वा चित्र छापी (Printed Media) कलाको प्रबिधी चलाई ब्यापारी र ग्राहक दर्शकहरुलाई आफ्नो बिचार र जानकारी प्रभावकारी रुपमा संवाद गर्न विद्यार्थीलाई तैयार पार्ने दृष्टि कलाको (visual arts) शैक्षिक कार्यक्रम हो। यो कार्यक्रममा संकल्पना रचना (concept design), नक्सा (layout), पेस्ट अप (Paste-up) र एनग्रेभिङ (engraving), एट्चिग (Etching), सिल्कस्क्रीन (Silkscreen), लिथोग्र्याफी (Lithography), अफसेट (offset), चित्र कला (Drawing) र कार्टुन (cartooning), पैन्टिङ(Painting) , कोलाज (Collage) र कम्प्युटर ग्र्यफिक्सको (Computer Graphics) बारे शिक्षा पनि सम्मिलित छ।

**सिनेम्याटोग्राफी र चल-चित्र भिडियो निर्माण** (Cinematography & Film/Video production) - चल चित्र र भिडियोको प्रयोग गरी ब्येक्तिको सोच बिचार, भावनाहरु संवाद गर्न शिक्षा दिने कार्यक्रम हो। यो कार्यक्रममा चल चित्रको सिद्धान्त (Film theory), चलचित्र प्रौध्योगिकी (Film Technology) र सामाग्रीको सन्चालन, चलचित्र निर्माण, चलचित्र निर्देशन, चलचित्र सम्पादन, सिनेम्याटोग्राफी कला, चलचित्रको अडीयो, बिशेष किसिमको चलचित्र बनाउने तक्निक, मिडीया टेक्नोलोजी, र चलचित्र सन्चालनको प्रबन्धन सम्मिलित हुन्छ। यो कार्यक्रम अगस्त महिनाको बिच तिर पुरा हुने छ। सेप्टेम्बर महिनामा बिद्यालय सुरु हुनु भन्दा अगाडि बर्ट्रमले आमा बुवा र विद्यार्थीलाई नयाँ कार्यक्रमको बारे जानकारी दिन र बिद्यालय हेर्न सार्वजनिक भेट घाट कार्यक्रमको आयोजना गर्ने छ। थप जानकारीको लागि जानु होला:

www.philasd.org/offices/cte.

## हामी कस्तो गर्दै छौँ?

नयाँ शैक्षिक बर्षमा विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरुको प्रगतीको बारे छोटो जानकारी

पुरा भएको प्रतिशत...

| | |
|---|---|
| विद्यार्थीहरु प्राप्त गर्ने बिद्यालयहरु को सुबिधाहरु सुधार्ने पुरा गरिएको काम | ६१% |
| विद्यार्थी प्राप्त गर्ने बिद्यालयमा प्रधानाध्यापक सुनिश्चित भएको | ९८% |

संख्या...

| | |
|---|---|
| व्येवहार हस्तक्षेप र सहयोग वा सुधार गर्ने प्रक्रियाहरुको लागि कोश प्राप्त गर्ने विद्यार्थी प्राप्त गर्ने बिद्यालयहरु | २० |

# यो गर्मी महिनाको कार्यक्रमले विद्यार्थीहरुलाई फिलाडेल्फियाको ईतिहास

पेन ट्रिटी (Penn Treaty), मोफेट (Mofett), वेब्स्टेर (Webster), ह्याकेट (Hackett), शेरीडन वेष्ट (Sheridan West) र रिचमोण्ड (Richmond) माद्यामिक बिद्यालयका विद्यार्थीहरु, यस अद्वितिय र समिद्ध हुने कार्यक्रममा यो गर्मी महिनामा भाग लिँदै छन्

गर्मी महिनाको पेन ट्रीटी समिद्धी कार्यक्रमले (Penn Treaty Summer Enrichment Program) पेन्सलभेनीया राज्यको शिक्षाको मांपदण्ड सँग मिल्ने बिभिन्न पाठ्यक्रम र योजना मा आधारित शिक्षाको प्रयोग गरी फिलाडेलफीया का विद्यार्थीहरुलाई सक्रीय रुपमा शिक्षा प्रदान गर्छ। भाग लिने विद्यार्थीहरुले फिलाडेल्फियाको ईतिहासको महत्वपूर्ण व्यक्तिहरु र घटनाहरुको बारे शिक्षा प्राप्त गर्ने छन र त्येस पाठमा छलफल गरिएको बिभिन्न स्थल हेर्न जाने छन्। यस कार्यक्रमको समय तालिका तल दिइएको छः



- पहिलो हप्ता: विद्यार्थीहरुले विलीयम पेन (William Penn) र पेन्सबेरी म्यानरको (Pennsbury Manor) बारे शिक्षा प्राप्त गर्ने छन्
- दोस्रो हप्ता: विद्यार्थीहरुले लिबर्टी बेल (Liberty Bell), बेट्सी रस (Betsy Ross), इन्डीपेन्डेन्स हल (Independence Hall) र फ्र्यान्क्लिन मिन्टको(Franklin Mint) बारे शिक्षा प्राप्त गर्ने छन् र यि स्थलहरु गइ, यि स्थलहरुको बारे जानकारी प्राप्त गर्ने छन्।
- तेस्रो हप्ता: विद्यार्थीहरुले फिलाडेलफीयाको संगीत र कला संस्कृतिको बारे शिक्षा प्राप्त गर्ने छन् र साउथ स्ट्रिट (South Street) र बेन फ्र्यन्क्लिन पार्कवेका (Ben Franklin Parkway) चित्रकला (Murals) हेर्न डबल डेकर बसमा (Double Decker Bus) भ्रमण गर्ने छन् र कला संग्रहालय (Art Museum) हेर्न जाने छन्।
- चौथो हप्ता: विद्यार्थीहरुले बेन फ्र्यन्क्लिनको बारे र फिलाडेल्फियाको प्रसिद्ध खानेकुराहरुको बारे शिक्षा प्राप्त गर्ने छन्। विद्यार्थीहरु "टेस्ट अफ फिलाडेल्फिया" (Taste of Philadelphia) को लागि फ्र्यन्क्लिन स्क्वेर (Franklin Square) जाने छन् जहाँ उनिहरुले चिजस्ट्क (Cheesesteak) , टेस्टी केक (Tasty Cake) र प्रेट्सल (Pretzels) जस्ता खानेकुराहरु खाने छन्।

यो कार्यक्रम पेन ट्रीटीको बिद्यालय सुधार कोश द्वारा विद्यार्थीहरुलाई निशुल्क रुपमा प्रादन गरिएको हो।




पहिलो वार्षिक सुरक्षा शिखर सम्मेलन

**कहिले:** जुलाई १७ देखी १९ सम्म बिहानाको ९ बजे देखी दिउँसो १२ बजे सम्म

**को:** शिक्षक, सल्लाहकार, प्रहरी, मनोबैज्ञानीक र सम्पूर्ण बियालयमा आधारित् स्टाफ सदस्य

**कहाँ:** अकडेमी एट बेनजामिन रश (11081 Knights Road)

**के:** विद्यार्थीहरुको लागि सुरक्षित शैक्षिक बातावरण बनाउन र बनाइ राख्न सिकाउने बिद्यालयको स्टाफ सदस्यहरुलाई मौका प्रदान गर्न यो शिखर सम्मेलनको उद्देश्य हो। उत्पिडन, संकटकालिन अवस्थामा प्रदान गर्ने सहयोग, मानसिक स्वास्थ्य जस्ता बिषयमा बिशेषज्ञहरुले जानकारी प्रदान गर्ने छन्। थप जानकारीको लागि स्टेसी केरेण्टिज लाई २१५ ४०० ६९३९मा संपर्क गर्नु होला